# वैतेश्वर गाउँपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमेश्वर, दोलखा बागमती प्रदेश, नेपाल २०७३

गाउँ सभाबाट स्वीकृत मितिः २०८२।०३।१०

## क. पुर्वाधार विकास सम्बन्धी नीति

- वैतेश्वर गाउँपालिकाका सम्पुर्ण वडा कार्यालय जोड्ने सडक र मुख्य सडकहरुलाई कालोपत्रे तथा ढलान गर्ने कार्यलाई निरन्तरता दिई सडक पूर्वाधारको स्तरोन्नति गरिनेछ ।
- पालिका भित्रका विभिन्न खोला, खोल्सावाट आवत जावतमा सहजिकरण गर्न ढलान सहितको पुल निर्माण गरिनेछ ।
- पूर्वाधार विकासका कार्यलाई संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई सघाउ पुर्याउन प्राविधिक परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- सडकको लगत कट्टा गरी गाउँपालिका भित्रका सडकहरुलाई क्रमश नेपाल सरकारको नाममा दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रका जग्गाहरूको प्रत्येक कित्ताहरुको भू-उपयोग क्षेत्र वर्गीकरण गरिनेछ ।

### १. वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी

- जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न दिगो पर्यावरणीय प्रणाली अनुकुल दिगो विकासका लक्ष्य प्रासिका लागि देशले अंगिकार गरेका सुचकहरुमा बढोत्तरी ल्याउन आवश्यक बजेट सहित गै.स.स. सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- सबै सामुदायिक वनको संरक्षणका लागि आवश्यक समन्वय गरिनेछ । वातावरण प्रदुषित हुन नदिन शहरउन्मुख वस्तीहरुमा फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ। पालिका भित्रका सबै घरमा शौचालय निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- वर्षादको समयमा हुने विपदलाई मध्यनजर गर्दै विपद् व्यवस्थापन प्रतिकार्यको लागि विभिन्न कार्यक्रमहरू ल्याईनेछ ।

## ख. सामाजिक तथा साँस्कृतिक विकास सम्बन्धी नीति

### १. स्वास्थ्य सम्बन्धी

- सबै बालबालिकालाई सबै प्रकृतिका खोपहरु लगाई गाउँपालिकालाई पूर्ण खोपयुक्त दिगोपना सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने न्युनतम पूर्वाधार, जनशक्ति र औषधी उपकरणको व्यवस्थापन र स्तरोन्नति गर्दै लगिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक बिदाईको व्यवस्था मिलाईनेछ ।
- रोगहरुको पहिचान गर्न वडास्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- बर्थिङ सेन्टर तथा गाउँघर क्लिनिकहरूलाई व्यवस्थित बनाउदै लगिनेछ ।
- परिवार स्वास्थ्य वीमा कार्यक्रम सबै नागरिकहरुलाई आवद्ध गराउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बर्थिङ सेन्टरहरुमा सुत्केरी हुने अनुपातलाई बढाउँदै क्रमश जिरो होम डेलिभरी पालिका घोषणा गरिनेछ।
- स्वास्थ्य संस्थाको कर्मचारीहरुलाई ELMIS/ETB/HMIS जस्ता डिजिटल प्रणाली प्रयोगको तालिम सञ्चालन गरिनेछ ।

छवि लामा
अध्यक्ष

- स्वास्थ्य व्यवस्थापन समितिका नियमित बैठकको लागि खाजाको व्यवस्थापन गरिनेछ ।
- म्याद गुज्रेका औषधीहरुको उचित व्यवस्थापन गरिनेछ ।
- जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाहरूको स्वास्थ्य स्थित पहिचान गर्न विद्यालयहरुमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

वैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

**२.शिक्षा सम्बन्धी**

- पालिका भित्र रहेका बालविकास केन्द्र सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ। साथै सामुदायिक विद्यालय र स्नातक कक्षा संचालन भएका क्याम्पसहरुलाई पूर्वाधार विकासका लागि गरिँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।
- पालिकाका निजि तथा सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रवाहमा प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक पदधारण गर्ने व्यक्तिहरुका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउनु पर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययन गरेका उत्कृष्ठ विद्यार्थीहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरूमा विद्युत्तिय हाजिरी प्रणालीलाई अनिवार्य गरी हाजिरी अभिलेख व्यवस्थित बनाईनेछ ।
- गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा दण्डरहीत शैक्षिक वातावरण कायम गर्ने नीति ल्याइनेछ ।
- शैक्षिक संस्थाहरुमा सूचना प्रविधिमैत्री शिक्षण सिकाई गरी शिक्षामा नविनतम प्रविधिहरुको विकास र व्यवस्थापनमा सहयोग र सहकार्य गरिनेछ ।
- कक्षा १ देखि १० सम्म परीक्षा सञ्चालन गर्नका लागि सामुदायिक विद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाई उत्तरपुस्तिका उपलब्ध गराईनेछ ।
- विद्यार्थिहरुलाई व्यवहारिक र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न शिक्षकहरुलाई आवश्यक क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- विभिन्न अतिरिक्त क्रियाकलाहरू सञ्चालन गरि विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका कार्यलाई निरन्तरता दिई शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**३. यूवा तथा खेलकुद सम्बन्धी**

- स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नारालाई आत्मसात गर्दै गाउँपालिकाभित्र विभिन्न विधाका खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- गाउँपालिका स्तरीय अध्यक्ष कप साथै राष्ट्रपति रनिङ शिल्ड र अन्य खेलकुद प्रतियोगिता सञ्चालन गरी अधिक विद्यार्थीलाई सहभागी गराईनेछ ।
- खेलकुद विकासका लागि खेलकुद प्रशिक्षकलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट लागत साझेदारी गरि EMIS मा प्रविष्ट भएका सूचिकृत बेरोजगारी व्यक्तिहरुलाई प्राथमिकिकरणको आधारमा न्युनतम १०० दिन बराबरको रोजगार उपलब्ध गराई सिप तथा क्षमता अभिवृद्धि कार्यक्रम अगाडी बढाइनेछ । साथै वैतेश्वर गाउँपालिकामा वैतेश्वर रोजगार कार्यक्रम संचालन गरी छुटेका बेराजगारीहरुलाई रोजगार प्रदान गर्ने नीति लिइनेछ ।
- श्रम शक्तिमा उच्च सहभागिता जनाउन समुदायका व्यक्तिहरुलाई आवश्यक सीपमूलक तालिमको व्यवस्था मिलाइनेछ ।

छवि लामा
अध्यक्ष

## ४. महिला, बालबालिका, अपाङ्ग, दलित तथा जेष्ठ नागरिक सम्बन्धी

- गाउँपालिकामा संचालन हुने प्रत्येक क्रियाकलापमा महिला सहभागितालाई प्राथमिकता दिइनेछ ।
- दलितको उत्थानका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिलाको नाममा कुनै व्यवसाय, उद्योग दर्ता गर्दा ७० प्रतिशत छुट दिइने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको वडामा संचालन हुने योजनाहरुमा महिला मात्रको सहभागिता र अगुवाइमा संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- गृहणी महिला सशक्तिकरण कार्यक्रमबाट तालिम प्राप्त गरेका गृहणी महिलाहरुको सिपलाई व्यवस्थित र प्रत्यक्ष आयआर्जनमा जोडी रोजगारी सिर्जना गर्न सिपलाई उद्योगमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- आर्थिक, सामाजिक रुपले विपन्न महिलाहरुको उत्थान सशक्तिकरण एवं क्षमता विकासको लागि विभिन्न सिपमुलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- **"आसनमा महिला, भाषण महिला र शासनमा महिला"** भन्ने नारालाई स्थापित गराउन लैङ्गिक समानता र समावेशी अधिकारका लागि महिला लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- लैंगीक हिंसा न्यूनीकरणमा जोड दिइनेछ । बालवालिकाको प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम ल्याइनेछ । साथै बालमैत्री स्थानीय शासन घोषणा गर्ने नीति अबलम्बन गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग, असहाय नागरिकहरुलाई सामाजिक सुरक्षा तथा संरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
- ३५ दिनभित्र घटेका व्यक्तिगत घटना दर्ता गर्नेलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।
- महिलाहरुलाई भ्रमण तथा सुशासन प्रवर्दनको लागि आवश्यक तालिमहरू सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले सुरुवात गरेको जोखिममा परेका बालबालिकाहरुको लागि बाल संरक्षण कोष स्थापना र संचालन कार्यलाई निरन्तरता दिँदै अक्षय कोष मार्फत विपन्न रहेका बालबालिकालाई आर्थिक सहायता प्रदान गर्ने, अवसर पहुँच र शक्तिको मुल प्रवाहीकरणमा अग्रसर गरिने नीति अबलम्बन गरिनेछ ।
- बालबालिकाहरुको आधारभूत आवश्यकताहरुको प्रत्याभूती गराउन बालबालिका लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- महिला लक्षित उद्यमशिलता प्रबर्दन गर्ने कार्यका लागि श्रव्य दृश्य प्रचार प्रसारको लागि ड्रोन क्यामराको व्यवस्था मिलाईनेछ ।
- बाल विवाह अन्त्य, लागु औषध नियन्त्रण, बाल अधिकार, मानव अधिकार, नागरिक शिक्षा जस्ता विषयहरुमा गाउँपालिका स्तरीय बाल सञ्जाल मार्फत बालबालिका सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- बाल विवाह न्युनिकरण गर्नका लागि बाल क्लब तथा विद्यार्थीहरुलाई प्राथमिकता दिई सडक नाटक तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने ।
- बैक, प्रहरी तथा वडा कार्यालयको समन्वय र सहयोगमा सामाजिक सुरक्षा भत्तालाई वडास्तरमा नै अभियानका रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा अपाङ्गमैत्री सेवा प्रवाहको सुनिश्चितता गरिनेछ । साथै तोकिए बाहेक गाउँपालिकाबाट प्रदान गरिने अन्य सबै सेवाहरु निःशुल्क प्रदान गरिनेछ ।
- अपाङ्गता परिचयपत्र वितरण कार्यलाई व्यवस्थित, नियमित र प्रभावकारी बनाउदै लगिनेछ।

छवि लामा
अध्यक्ष

वैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**५. सामाजिक मेलमिलाप तथा न्याय निरुपण सम्बन्धी**

- विभेदरहित शान्त सुरक्षित समाजको निर्माणमा न्यायिक समितिको सक्रियता बढाइनेछ । साथै न्याय निरुपण ग्रामिण तहसम्म पुर्याउने व्यवस्था मिलाइनेछ ।
- मेलमिलापकर्ता तथा न्यायिक समितिको क्षमता विकासका लागि गोष्ठी, तालिम तथा अवलोकन भ्रमण कार्यक्रमहरूको सञ्चालन गरिनेछ ।

**६. पर्यटन तथा संस्कृति प्रवर्द्धन सम्बन्धी**

- विभिन्न स्थानमा निर्माण गरिएका पार्क, पिकिनिक स्पोर्टहरुलाई व्यवस्थित बनाईनेछ । होमस्टे सञ्चालन गर्न विभिन्न समुदायहरुलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुलाई समेटी वृत चित्र निर्माण गरीनेछ । आन्तरीक तथा बाह्य पर्यटक भित्राउन देश तथा विदेशमा प्रचार प्रसारको लागि प्रविधिको उच्च प्रयोगलाई बढावा दिईनेछ ।
- स्थानीय स्तरको उत्पादनलाई बजारीकरण तथा व्यवस्थापन गर्न उधोग स्थापना गर्नेलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन गरिनेछ ।

**७. खानेपानी तथा सरसफाई सम्बन्धी**

- वैतेश्वर गाउँपालिका भित्रका नागरिकहरुलाई स्वच्छ पिउने पानीको व्यवस्थापन गर्न **एक घर एक धारा** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ग. आर्थिक विकास सम्बन्धी नीति

**१. कृषि तथा पशुपन्छी विकास सम्बन्धी**

- कृषि क्षेत्र लाई आधुनिकिकरण तथा प्रविधि मैत्री बनाउँदै कृषकहरुलाई व्यवसायीक कृषि तर्फ प्रोत्साहित गरिनेछ।
- स्थानिय स्तरका रैथाने बालीको संरक्षण तथा उत्पादनमा जोड दिइनेछ।
- खेतियोग्य जमिनको उर्वराशक्तिको सुधार गर्नका निम्ति माटो परिक्षणको आधारमा अम्लिय भएका जमिनमा कृषि चुनको प्रयोगका लागि किसानहरु लाई प्रेरित गरिनेछ।
- परम्परागत कृषि प्रणाली लाई व्यवसायिक कृषि प्रणालिमा रुपान्तरण गर्न ज्ञान, सिप तथा उन्नत प्रविधिको प्रसारमा जोड दिइनेछ।
- किवी, आलु, तरकारी र अन्य खाद्यान्न बालीको उत्पादनमा वृद्धि ल्याउन आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- बढ्दो तापक्रम र बदलिदो मौसम लाई मध्यनजर गर्दै सम्भावित क्षेत्रमा चैते धान खेतिको परिक्षण गरिनेछ ।
- बाझो जग्गा लाई पुन: खेति योग्य तर्फ रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।
- बेमौसमि तरकारी खेति गरिरहेका कृषक लाई प्लाष्टिक हाउस तथा थोपा सिँचाई सम्बन्धी उपकरण सहयोग गरिनेछ ।
- व्यवसायिक पुष्प खेति तर्फ किसानहरु लाई प्रोत्साहित गरिनेछ ।
- एकिकृत शत्रुजिव व्यवस्थापन तर्फ किसानहरु लाई अग्रसर गराईनेछ र रासायनिक विषादिको प्रयोग लाई न्यूनिकरण गरि जैवीक विषादीको प्रयोगमा जोड दिइनेछ ।



छवि लामा
अध्यक्ष

- कृषि सहकारी/समूह/फार्महरु लाई उचित सहयोग प्रदान गरिनेछ ।
- गुणस्तरिय उत्पादन सामाग्री र कृषि यान्त्रीकरणका लागि कृषि मैत्री औजार तथा उन्नत प्रविधिको व्यवस्था गरिनेछ ।
- सिंचित क्षेत्र विस्तार गर्नका निम्ति आवश्यक सिंचाईका पूर्वाधार निर्माणका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।
- स्थानियस्तरमा फलफूल एवं अन्य वनस्पति जन्य खेतीको विस्तारका निम्ती आवश्यक पर्ने बोट विरुवा उत्पादनका निम्ती नर्सरी तथा स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- पशुपालन क्षेत्रमा प्रविधिको प्रयोग लाई बढवा दिई गाई/भैंसीको उत्पादन क्षमता बढाउन आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- रेबिज रोग बाट अकालमा मानिस लगायत पशुहरुमा सर्न सक्ने रोगहरु बाट बचाउन कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानहरु लाई पशुपालनमा लाग्ने श्रमको समय लाई महत्व दिई उच्च प्रविधिको प्रयोग गरि कम समयमा काम सम्पन्न गरि पशु व्यवसाय सञ्चालनको लागि जोड दिइनेछ ।
- पशुहरुको नश्ल सुधार गरि उत्पादन तथा उत्पादकत्व बढाउन कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत किसानहरुको आयस्तर वृद्धि गर्न र पोषण सुरक्षाको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका पशुजन्य वस्तुहरु लाई आकश्मिक रोगहरु बाट बचाउन खोप तथा आवश्यक औषधिहरुको व्यवस्था गरिनेछ ।
- वन्यजन्तुवाट (बाँदर) हुने कृषि उत्पादनको क्षतिलाई न्यूनिकरण गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**२. सहकारी तथा वित्तिय व्यवस्थापन सम्बन्धी**

- गाउँपालिकाको सबै व्यवसायी, उद्योगी, व्यापारी एवं सेवा प्रदायकलाई तोकिएको करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका कार्यालय र वडा कार्यालय मार्फत हुने राजश्व संकलन तथा अभिलेख व्यवस्थापनलाई विद्युत्तिय प्रणालीबाट व्यवस्थित बनाईनेछ ।
- राजश्वका स्रोत दायरा र दर विश्लेषण गरि पालिकाको आन्तरिक स्रोत वृद्धि गर्ने उपायहरुको खोजि गरिनेछ ।
- सहकारी ऐन संशोधन तथा सहकारी नियमावली जारी गरी गाउँपालि भित्र सञ्चालित सहकारी संस्थाहरुलाई नियम कानूनको परिधिमा ल्याईनेछ ।
- समान प्रकृतिका सहकारीहरुलाई एकिकरण गरी गुणस्तरीय सेवा प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।
- सहकारीमा सबै नागरिकहरुको पहुँच पुर्याई कृषिमा योगदान पुर्याउने सहकारीलाई प्राथमिकिकरण गरिनेछ।
- अनलाइनबाट राजश्व भुक्तानी प्रणालीको प्रयोग सम्बन्धी जनतासामु जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिन ।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) अनिवार्य लागु गरी सरकारी सम्पत्तिहरूको अभिलेख व्यवस्थापन गरिनेछ ।

छवि लामा
अध्यक्ष

• गाउँपालिका र सहकारी बिच आवश्यक समन्वय, सहकार्य गरि जनताहरूको आर्थिक पक्षलाई सबल बनाईनेछ ।

गाउँपालिकाको कार्यालय
पर्छिङडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## घ. संस्थागत विकास,सेवा प्रवाह र सुशासन सम्बन्धी नीति

### १. सेवा प्रवाह र सुशासन सम्बन्धी

- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- सुशासन, विधिको शासन, कुसल व्यवस्थापन र उच्च अनुशासनका लागि विद्यालय तथा सरकारी संस्थाहरुमा विद्युत्तीय हाजिरीलाई अनिवार्य र व्यवस्थित बनाईनेछ ।
- नव नियुक्त कर्मचारीहरुलाई न्युनतम सेवा प्रवाह सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी कार्यविवरण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- सबै कर्मचारीहरुको सेवा सुविधालाई कानून सम्बत बनाई मनोबल उच्च पारिनेछ ।
- सेवा निवृत कर्मचारीहरुलाई नेपाल सरकारको मापदण्ड बमोजिम अवकास सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- राम्रो कार्यसम्पादन भएका कर्मचारीहरुलाई प्रोत्साहनको लागि आवश्यक पुरस्कार तथा सम्मानको व्यवस्था मिलाईनेछ ।

### २. सूचना प्रविधि तथा सञ्चार सम्बन्धी

- कर्मचारी तथा जनप्रतिनिधिहरुको सूचना प्रविधिको नविनतम प्रयोग सम्बन्धि तालिम सञ्चालन गरी क्षमता विकास गरिनेछ ।
- गाउँपालिका र अन्तर्गतका कार्यालयहरुको कामकाज र सेवा प्रवाहमा नविनतम प्रविधिहरूको प्रयोग बढाई सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउदै नेपाल सरकारको फेसलेस र पेपरलेस अवधारणालाई आत्मसाथ गरिनेछ ।
- सार्वजनिक स्थान,वजार क्षेत्र, बिद्यालय, स्वास्थ्य संस्थाहरुमा सुरक्षा र निगरानीको लागि सिसिटिभि जडान तथा विस्तारको कार्यलाई निरन्तरता दिईनेछ ।
- समुदायस्तरमा डिजिटल साक्षरता, साईबर अपराध तथा सुरक्षित ईन्टरनेटको प्रयोग सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- सबै टोल, बस्तीमा सर्वसुलभ र गुणस्तरीय ईन्टरनेट सेवा विस्तार गर्नका लागि सरकारी तथा निजि क्षेत्र सँग समन्वय र सहकार्य गरिनेछ ।
- गाउँपालिकाको तथ्याङ्क, जानकारी तथा सूचनाहरुलाई व्यवस्थित तवरबाट सार्वजनिक तथा प्रकाशन गर्न वेबसाइटलाई थप व्यवस्थित र ईन्टरएक्टिभ बनाईनेछ ।
- कार्यालयहरुमा जडित हार्डवेयर, सफ्टवेयर, नेटवर्क तथा पावर ब्याकअप/सोलार सिस्टमहरुलाई व्यवस्थित र सुधार गर्दै लगिनेछ ।
- कार्यालयमा स्थापना तथा प्रयोग गरिएका सूचना प्रविधि सम्बन्धी फरक फरक प्रणालीहरुलाई एकीकृत गर्दै व्यवस्थित बनाउदै लगिनेछ ।

छवि लामा
अध्यक्ष